नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.स. २०८३/८४

च.नं.

प्रेस विज्ञप्ति

आज मिति २०८३ साल कार्तिक २३ गते (तदनुसार ९ नोभेम्बर २०२६) का दिन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री **ई. श्री दीपक कुमार साह** र नेपालस्थित भारतीय राजदूत महामहिम **श्री सुधाकर दलेला**बीच मन्त्रालयमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको छ। आगामी नोभेम्बर १२ र १३ (तदनुसार कार्तिक २६ र २७ गते) मा भारतको आन्ध्र प्रदेशस्थित विशाखापटनममा आयोजना हुन गइरहेको 31st Partnership Summit, 2026 मा माननीय मन्त्रीज्यूको सहभागिता रहने सन्दर्भमा यो भेटवार्ता सम्पन्न भएको हो।

भेटवार्ताका क्रममा नेपालमा एल.पी.जी. ग्यास आपूर्तिको विद्यमान अवस्थालाई थप सहज र सुदृढ बनाउने तथा भारतबाट नेपालतर्फ ग्यास पाइपलाइन विस्तार गर्ने विषयमा गहन छलफल भयो। साथै, तत्कालको ग्यास आपूर्ति व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन भारतबाट नेपाल भित्रिने ग्यास बुलेटको मात्रा बढाउने विषयमा समेत माननीय मन्त्रीज्यूले विशेष चासो व्यक्त गर्नु भएको थियो। त्यसैगरी, नेपालको वैदेशिक व्यापार सहजीकरण तथा पारवहन लागत र समय घटाउन हाल प्रयोगमा रहेका कोलकाता र विशाखापटनम् सामुद्रिक बन्दरगाहका अलावा थप सम्भावित भारतीय बन्दरगाहहरू प्रयोगमा ल्याउन आवश्यक पहल र सहजीकरण गर्ने विषयमा समेत विचार-विमर्श भयो।

सो अवसरमा भारतीय राजदूत श्री सुधाकर दलेलाले माननीय मन्त्रीज्यूले उठाउनु भएका विषयहरूमा भारत सरकारका तर्फबाट आवश्यक सहजीकरण र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। भेटवार्ताका क्रममा भारतीय राजदूतले दुबै देशका अधिकारीहरूबीच नेपाल-भारत व्यापार, पारवहन तथा लगानीका विषयमा निरन्तर रूपमा छलफल र सम्वाद हुनु पर्ने विषयमा जोड दिनु भयो। साथै भारतीय राजदूतले भारतीय सहयोगमा निर्माण हुने झापा-सिलगुढी पेट्रोलियम पाइपलाइन आयोजना निर्माणका लागि Right of Way Clearance का लागि समेत अनुरोध गर्नु भएको थियो। सो अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका वरिष्ठ अधिकारीहरू तथा भारतीय दूतावासका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

.....

(जितेन्द्र बस्नेत)

सहसचिव/ प्रवक्ता

मिति: २०८३/०७/२३

नेपाल सम्वत् ११४६, कौलागा।